# "घ"वर्गको निर्माण व्यवसायीइजाजतपत्र सम्बन्धीकार्यविधि, २०७५

स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिकखरीदको मूलभूतविशेषताहरुलाई अक्षुण राखी सार्वजनिकनिर्माणको क्षेत्रमापारदर्शिता, स्वच्छता,ईमान्दारीता, वाफदेहीता, विश्वसनियतातथा भेदभाव रहितप्रतिस्पर्धा तथाश्रोत साधनको उच्चतमउपयोग जस्ता उद्धेश्यहरु हासिलगर्न सार्वजनिकनिर्माणमा निजिक्षेत्रको सहजपहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी **छविसपाथिभेरा गाउपालिकाले** यो कार्यविधिजारी गरेको छ ।

## (१)इजाजतपत्रप्राप्तनगरी सार्वजनिकनिर्माण कार्य गर्न नहुने :

प्रचलितकानूनमाअन्यथाव्यवस्थाभएको वाहेक यस कार्यविधिबमोजिमइजाजतपत्रप्राप्तनगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिकनिर्माण कार्य गर्न गराउनहुँदैन ।

## (२) नयाँइजाजतपत्र सम्वन्धीव्यवस्था :

(१) सार्वजनिकनिर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिकनिर्माणकार्य गर्न इजाजतपत्रको लागि यस**छविसपाथिभेरा गाउँपालिकाको** कार्यालयमाप्रमूखप्रशासकीयअधिकृत समक्ष दरखास्तदिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूखप्रशासकीयअधिकृतले अनुसूची-५ वमोजिमकोयोग्यताभए/नभएको सम्वन्धमासिभिल ईन्जिनीयर/सव ईन्जिनीयर सहित सदस्यभएको समितिवाट जाँचवुझगराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहितप्रमूखप्रशासकीयअधिकृतले इजाजतपत्रप्रदानगर्ने निर्णयकालागिकार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहितन्युनतम योग्यतापुगेका निर्माण व्यवसायीफर्म/कम्पनीहरुको इजाजतपत्रकार्यपालिकाको निर्णय वमोजिममहानगरपालिका/उपमहानगरपालिका/गरपालिका/ गाउँपालिकाको प्रमूखप्रशासकीयअधिकृतले इजाजतपत्रबापत अनुसूची-२ बमोजिमको दस्तुरलिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्रप्रदानगर्नेछ ।

## (३) इजाजतपत्रको अवधि र नवीकरण :

(१) दफा २ बमोजिमप्रदानगरिएको इजाजतपत्रदफा ४ बमोजिमखारेज भएको वाप्रचलितकानूनमाअन्यथाव्यवस्थाभएको अबस्थामाबाहेक चालु आर्थिक वर्षको अन्यसम्ममात्रमान्य रहनेछ ।(२) उपदफा (१) बमोजिमइजाजतपत्रको अवधि समाप्तभएकाप्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधिसमाप्तभएको ३ महिनाभित्रप्रचलितकानूनबमोजिम संघ, प्रदेश र स्थानीयतहलाई तिर्नुपर्ने कर तिरी सकेकोप्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथाफर्म वाकम्पनीको दर्ता नविकरण सहित सम्वन्धितहानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकावाट अनुसूची-२ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजतपत्रनविकरण गर्नगाउँपालिकामाकागजात पेश गर्दा अनुसूची-४ वमोजिमकोपास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वाकम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिकविवरणसमेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-४ वमोजिमको पास वुक विवरण अद्यावधिकनगर्ने फर्म वाकम्पनीकोइजाजतपत्रनविकरण गर्न महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकावाध्यहुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्रनवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुखप्रशासकीय अधिकृतले इजाजतपत्रनवीकरण गरीदिनेछ ।

## ४) इजाजतपत्रको खारेजी :

(१) देहायको अवस्थामामहानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्रखारेजगर्न सक्नेछ :

(क) झुट्टा विवरण पेश गरी इजाजतपत्रप्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिकनिर्माण कार्य गर्ने वागर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामाझुट्टाविवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिकनिकायसंग भएको सम्झौतावमोजिमकार्य सम्पन्ननगरेको वा सम्झौताको गम्भिरउल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिमइजाजतपत्रखारेज गर्नु अघि सम्बन्धितनिर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्नमनासिबमाफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्रनवीकरण नभएको इजाजतपत्र स्वतःखारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिमइजाजतपत्रखारेज भएकोमामहानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाले त्यसको जानकारी सम्बन्धितफर्म वाव्यक्तिवाकम्पनीदर्ता गर्ने कार्यालयलाइदिनेछ ।

## ५) इजाजतपत्रको प्रतिलिपीदिने व्यवस्था :

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराएवानासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपीपाउननिवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपीदिनु पर्नेछ ।

## ६) प्रचलितकानूनबमोजिमहुने :

यस कार्यविधिमा लेखिएजति यसै बमोजिम र अन्यको हकमाप्रचलितकानूनबमोजिमहुनेछ ।

## ७) बचाउः

यस अघि प्रचलितकानूनबमोजिमदर्ता भएका ठेक्कावन्दोवस्ती सम्बन्धीफर्म तथाकम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधिबमोजिमदिइएको मानिनेछ ।